# आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम

# शिवालय गाउँपालिका

## जाजरकोट

## कर्णाली प्रदेश, नेपाल

शिवालय गाउँपालिका, जाजरकोट

## शिवालय गाउँपालिकाको
## आगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम

**सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, सभाका सदस्यज्यूहरु,**

१. यस सम्मानित शिवालय गाउँपालिकाको गाउँसभाको १८ औ अधविशनमा आर्थकि वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महसुस गरेकी छु।नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार, नागरिकका बढ्दो अपेक्षा, स्थानीय आवश्यकता, उपलब्ध स्रोत साधनको अवस्था तथा शिवालय गाउँपालिकाको दीर्घकालीन विकास सोचलाई आधार बनाई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, राष्ट्रको सर्वाङ्गीण विकास, समृद्धि, सुशासन र अग्रगमनका लागि विभिन्न आन्दोलन र संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। उक्त आन्दोलनहरुमा बेपत्ता भएका सबैलाई विशेष स्मरण गर्दै घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

२. स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो। नागरिकका दैनिक आवश्यकता, विकासका प्राथमिकता, सेवा प्रवाहको गुणस्तर र स्थानीय सम्भावनाको उपयोग गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको काँधमा रहेको छ। यसै जिम्मेवारीलाई आत्मसात गर्दै आगामी आर्थिक वर्षको बजेटले नागरिकको जीवनस्तर सुधार, उत्पादन वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार विकास, सामाजिक न्याय, वातावरण संरक्षण र सुशासन प्रवर्द्धनलाई मुख्य आधार बनाएको छ।

३. शिवालय गाउँपालिका प्राकृतिक, सांस्कृतिक तथा आर्थिक सम्भावनाले भरिपूर्ण क्षेत्र हो। यहाँको कृषि सम्भावना, पशुपालन, जलस्रोत, धार्मिक तथा सांस्कृतिक सम्पदा, पर्यटन सम्भावना र स्थानीय जनशक्तिको उचित उपयोग मार्फत आत्मनिर्भर तथा समृद्ध गाउँपालिका निर्माण गर्न सकिने प्रशस्त आधारहरु रहेका छन्। त्यसैले आगामी बजेटले तत्कालीन आवश्यकता सम्बोधनसँगै दीर्घकालीन विकासको आधार निर्माण गर्ने उद्देश्य लिएको छ।

४. बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा गाउँपालिकालाई आवश्यक सुझाव, मार्गदर्शन र सहयोग प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, पूर्व जनप्रतिनिधिज्यूहरु, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, विषयगत समितिहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, विषयगत शाखाका कर्मचारीहरु, विकास साझेदार निकायहरु, गैरसरकारी संघ संस्थाहरु, सञ्चारकर्मीहरु तथा सम्पूर्ण शिवालयबासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।

## बजेट निर्माणका आधार तथा मार्गदर्शन

**सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू एवं सभा सदस्यज्यूहरु,**

५. आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम निर्माण गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७८, नेपालको १६ औं आवधिक योजना, नेपाल सरकारले हालै घोषणा गरेको एक सय कार्यसूची, कर्णाली प्रदेश सरकारका नीति तथा कार्यक्रम, शिवालय गाउँपालिकाको आवधिक योजना, क्षेत्रगत योजना तथा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमलाई मुख्य आधारका रुपमा लिइएको छ। बजेट तर्जुमा गर्दा उपलब्ध स्रोत साधनको यथार्थ अवस्था, नागरिकका प्राथमिक आवश्यकता, विगतका कार्यक्रमहरुको प्रभावकारिता, विकासका सम्भावना तथा कार्यान्वयन क्षमतालाई ध्यानमा राखिएको छ। सीमित स्रोतबाट असीमित आवश्यकता पूरा गर्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै योजना तथा कार्यक्रम छनौट गर्दा उत्पादन वृद्धि, रोजगारी सिर्जना, आर्थिक आत्मनिर्भरता, सामाजिक समावेशीकरण, पूर्वाधार विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन र सुशासनलाई प्रमुख आधार बनाइएको छ। आगामी आर्थिक वर्षको बजेटले विशेष गरी देहायका विषयहरुलाई प्राथमिकतामा राखेको छः

क) **उत्पादन र आर्थिक विकासः** कृषि, पशुपालन, उद्यम विकास तथा स्थानीय स्रोतमा आधारित आर्थिक गतिविधि विस्तार गरी आयआर्जनका अवसर सिर्जना गरिनेछ।

ख) **गुणस्तरीय सामाजिक सेवाः** शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा तथा लक्षित वर्गका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

ग) **दिगो पूर्वाधार विकासः** आवश्यकता र प्राथमिकताका आधारमा सडक, खानेपानी, सिँचाई, भवन तथा अन्य पूर्वाधार विकास गरिनेछ।

**घ) पर्यटन तथा सांस्कृतिक पहिचानको विकासः** स्थानीय धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी पर्यटन सम्भावनालाई आर्थिक गतिविधिसँग जोडिनेछ।

**ङ) सुशासन र प्रभावकारी सेवा प्रवाहः** प्रविधिको प्रयोग, पारदर्शिता, जवाफदेहिता र संस्थागत क्षमता विकासमार्फत नागरिकमैत्री शासन प्रणाली निर्माण गरिनेछ।



शिवालय गाउँपालिका

## चालु आर्थिक वर्ष २०८२।०८३ को बजेट कार्यान्वयन अवस्थाको समीक्षा

**सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू एवं सभा सदस्यज्यूहरु,**

६. आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा विगतको अनुभव, उपलब्धि तथा कार्यान्वयन अवस्थालाई महत्वपूर्ण आधारका रुपमा लिइएको छ।चालु आर्थिक वर्ष २०८२।०८३ मा शिवालय गाउँपालिकाबाट कुल रु. ५१ करोड ५७ लाख ५५ हजार ९ सय ६८ को बजेट स्वीकृत गरिएको थियो।उक्त बजेट कार्यान्वयनका क्रममा हालसम्म वास्तविक आय रु. ४२ करोड ९९ लाख ४९ हजार ९ सय २३ रहेको छ। कुल विनियोजित बजेटको तुलनामा वास्तविक आय करिब ८३.३९ प्रतिशत रहेको देखिन्छ।चालु खर्चतर्फ रु. ३१ करोड ४६ लाख १ हजार ३ सय ३७ रुपैया विनियोजन गरिएकोमा रु. २३ करोड ६१ लाख ७४ हजार ३७ खर्च भएको छ। चालु खर्चको प्रगति करिब ७५.०५ प्रतिशत रहेको छ।चालु खर्च अन्तर्गत गाउँपालिकाको नियमित सेवा प्रवाह, प्रशासनिक व्यवस्थापन, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, कर्मचारी व्यवस्थापन तथा नागरिकसँग प्रत्यक्ष सम्बन्धित कार्यक्रम सञ्चालन भएका छन्।पूँजीगत खर्चतर्फ रु. २० करोड ११ लाख ५४ हजार ६ सय ३० रुपैया विनियोजन गरिएकोमा रु. ७ करोड ७१ लाख २६ हजार १ सय ७८ पैसा खर्च भएको छ। पूँजीगत खर्चको प्रगति करिब ३८.३५ प्रतिशत रहेको छ।पूँजीगत खर्चको तुलनात्मक रुपमा कम प्रगति हुनुका कारण आयोजना तयारी, खरिद प्रक्रिया, भौगोलिक अवस्था, निर्माण सामग्री आपूर्ति महंगी हुनु तथा कार्यान्वयन समय व्यवस्थापनसँग सम्बन्धित चुनौतीहरु रहेका छन्।यस अनुभवबाट आगामी आर्थिक वर्षमा आयोजना छनौटलाई थप व्यवस्थित गर्ने, समयमै कार्यान्वयन कार्ययोजना बनाउने, नियमित अनुगमन तथा समन्वय गर्ने र पूँजीगत खर्चलाई परिणाममुखी बनाउने नीति लिइएको छ।

## चालु आर्थिक वर्षको आय स्रोत समीक्षा

**सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, सभा सदस्यज्यूहरु,**

७. चालु आर्थिक वर्षमा गाउँपालिकाले विभिन्न स्रोतबाट प्राप्त हुने आयलाई आधार बनाई बजेट कार्यान्वयन गरेको छ।संघीय सरकारबाट प्राप्त हुने अनुदानतर्फ रु. ३१ करोड ७ लाख अनुमान गरिएकोमा हालसम्म रु. २७ करोड ९३ लाख ६५ हजार २ सय ५० रुपैया प्राप्त भएको छ।कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने अनुदानतर्फ रु. ८ करोड ४९ लाख १९ हजार अनुमान गरिएकोमा रु. ५ करोड ५५ लाख ९४ हजार प्राप्त भएको छ।राजस्व बाँडफाँडबाट रु. ८ करोड ४८ लाख ८२ हजार ३ सय ३७ रुपैया अनुमान गरिएकोमा रु. ६ करोड ३० लाख ९८ हजार ६ सय ४५ रुपैपा प्राप्त भएको छ।त्यसैगरी गाउँपालिकाको आन्तरिक आयतर्फ रु. ३५ लाख अनुमान गरिएकोमा रु. ३० लाख प्राप्त भएको छ।समग्रमा चालु आर्थिक वर्षमा अनुमानित आयको तुलनामा स्रोत परिचालन सन्तोषजनक रहेको देखिएको छ। आगामी आर्थिक वर्षमा आन्तरिक राजस्वको दायरा

विस्तार, कर प्रशासन सुधार, सम्भावित स्रोतको पहिचान तथा प्रभावकारी परिचालनमा विशेष जोड दिइनेछ।

**आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेटको समग्र स्वरूप**

८. आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट शिवालय गाउँपालिकाको आवश्यकता, सम्भावना, उपलब्ध स्रोत साधन र समृद्धिको दीर्घकालीन सोचलाई आधार बनाई तयार गरिएको छ। यस बजेटले सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै उत्पादनमुखी लगानी, दिगो पूर्वाधार विकास, सामाजिक विकास र संस्थागत सुदृढीकरणबीच सन्तुलन कायम गर्ने लक्ष्य लिएको छ। बजेटको मुख्य उद्देश्य नागरिकलाई गुणस्तरीय सेवा उपलब्ध गराउनु, स्थानीय उत्पादन वृद्धि गर्नु, रोजगारीका अवसर सिर्जना गर्नु, विकासका पूर्वाधार विस्तार गर्नु र गाउँपालिकालाई आत्मनिर्भर दिशातर्फ अघि बढाउनु रहेको छ। आगामी आर्थिक वर्षको बजेटले विशेष गरी कृषि, पर्यटन, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सामाजिक संरक्षण, वातावरण संरक्षण र सुशासनका क्षेत्रमा केन्द्रित भई कार्यक्रम सञ्चालन गर्नेछ। यस बजेटले तत्काल देखिएका आवश्यकता मात्र सम्बोधन गर्ने नभई आगामी वर्षहरुका लागि दिगो विकासको आधार तयार गर्ने प्रयास गरेको छ।

९. यसरी आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेटले शिवालय गाउँपालिकाको वर्तमान आवश्यकता, भविष्यको सम्भावना र समृद्धिको यात्रालाई केन्द्रमा राख्दै विकासका प्राथमिकता निर्धारण गरेको छ। अब म यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्षको क्षेत्रगत नीति, कार्यक्रम तथा बजेट विनियोजन प्रस्तुत गर्न चाहन्छु। अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत गाउँपालिकाले अवलम्बन गरेका क्षेत्रगत नीति, प्राथमिकता तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु। शिवालय गाउँपालिकाको विकास केवल भौतिक संरचना निर्माणमा सीमित नभई आर्थिक आत्मनिर्भरता, सामाजिक न्याय, गुणस्तरीय सेवा प्रवाह, वातावरणीय सन्तुलन र सुशासनयुक्त समाज निर्माणसँग जोडिएको विषय हो। यसै दृष्टिकोणका आधारमा आगामी आर्थिक वर्षको बजेटलाई पाँच प्रमुख विषयगत क्षेत्रमा विभाजन गरी कार्यक्रम तथा स्रोत विनियोजन गरिएको छ।

**१. आर्थिक विकास क्षेत्र**

१०. स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउने, उत्पादन वृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने र नागरिकको आयस्तर सुधार गर्ने उद्देश्यका साथ आर्थिक विकास क्षेत्रलाई प्राथमिकतामा राखिएको छ। शिवालय गाउँपालिकाको आर्थिक विकासको मुख्य आधार कृषि, पशुपालन, पर्यटन, लघु उद्यम, सहकारी तथा स्थानीय स्रोत साधनको प्रभावकारी परिचालन हो। यहाँ उपलब्ध प्राकृतिक स्रोत, स्थानीय सीप, परम्परागत ज्ञान र उत्पादन सम्भावनालाई उपयोग गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने नीति लिइएको छ।

## १.१ कृषि तथा पशुपालन विकास

११. कृषि क्षेत्रलाई निर्वाहमुखी अवस्थाबाट क्रमशः व्यवसायिक र उत्पादनमुखी बनाउँदै लैजान कृषकलाई आवश्यक प्राविधिक सेवा, कृषि सामग्री, उन्नत बीउबिजन, उत्पादन प्रविधि तथा बजार पहुँच विस्तारमा सहयोग गरिनेछ।

१२. स्थानीय सम्भावनाका आधारमा कृषि तथा पशुपालनका पकेट क्षेत्र विकास, उत्पादन समूह गठन, सामूहिक खेती प्रणाली प्रवर्द्धन तथा आधुनिक कृषि प्रविधिको उपयोगलाई प्रोत्साहन गरिनेछ।

१३. कृषि उपजको उत्पादन मात्र नभई प्रशोधन, भण्डारण र बजारीकरणमा समेत जोड दिइनेछ। स्थानीय उत्पादनलाई स्थानीय बजारसँग जोड्दै आयआर्जन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१४. पशुपालन क्षेत्रमा उन्नत नश्ल सुधार, पशु स्वास्थ्य सेवा, घाँस विकास, पशु बीमा तथा किसानको आय वृद्धि हुने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

१५. युवालाई कृषि तथा पशुपालन क्षेत्रमा आकर्षित गर्न सीप, प्रविधि र उद्यमशीलतासँग जोडिएका कार्यक्रम सञ्चालन गरिनेछ।

## १.२ पर्यटन तथा सांस्कृतिक विकास

१६. शिवालय गाउँपालिकाको धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदालाई पर्यटन विकासको आधारका रुपमा लिइएको छ। शिवालय धाम निर्माण लगायतका धार्मिक तथा सांस्कृतिक क्षेत्रको संरक्षण, प्रचारप्रसार र आवश्यक पूर्वाधार विकास गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।

१७. स्थानीय संस्कृति, परम्परा, प्राकृतिक सौन्दर्य र मौलिक पहिचानलाई संरक्षण गर्दै आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। पर्यटन क्षेत्रमा निजी क्षेत्र, समुदाय र विकास साझेदारसँग सहकार्य गरी सम्भावनाको उपयोग गर्ने नीति लिइनेछ।

## १.३ उद्योग, उद्यम तथा सहकारी विकास

१८. स्थानीय स्रोत र सीपमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकासमार्फत रोजगारी सिर्जना गर्ने नीति लिइएको छ। महिला, युवा तथा विपन्न वर्गलाई लक्षित गरी सीप विकास, उद्यमशीलता विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ।

१९. अल्लो, जडीबुटी, हस्तकला, स्थानीय उत्पादन तथा सम्भावित उद्यमलाई व्यवस्थित गर्दै बजारसँग जोड्ने प्रयास गरिनेछ।



शिवालय गाउँपालिका, बाजुरा

२०. सहकारी संस्थालाई उत्पादन, बचत र लगानीको माध्यमका रुपमा विकास गर्न अनुगमन, नियमन तथा संस्थागत क्षमता विकासमा जोड दिइनेछ।

### १.४ उद्यम तथा श्रम रोजगार

२१. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको प्राप्त अनुभव, सीप, पुँजी र प्रविधिलाई श्रम बजारको माग अनुसार स्तरीकरण र प्रवर्द्धन गरी रोजगार, सीप तथा उद्यमशीलताको सदुपयोग गरी रोजगारी सर्जना गर्ने खालका कार्यक्रम संचालन गरिने छ।

२२. वैदेशिक रोजगारीमा गएका तथा फर्केका व्यक्ति र परिवारका सदस्यहरुमा वैदेशिक रोजगारीले ल्याउने समाजिक र मानसिक दुष्प्रभावहरु, जस्तै पारिवारिक विखण्डन, एक्लोपन र मानसिक तनावलाई न्यूनीकरण गर्न मनोसामाजिक परामर्श सेवा संचालनमा ल्याइनेछ।

२३. विप्रेषणबाट प्राप्त आयलाई आयमूलक र उत्पादनशील क्षेत्रमा परिचालन गर्न वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ।

**आर्थिक विकास क्षेत्रका लागि रु. १ करोड ६७ लाख १५ हजार विनियोजन गरेकी छु।**

## २. सामाजिक विकास क्षेत्र

**सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, सभा सदस्यज्यूहरु,**

२४. सामाजिक विकास नागरिकको जीवनस्तर सुधारसँग प्रत्यक्ष सम्बन्धित क्षेत्र हो। त्यसैले शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा, महिला तथा बालबालिका, युवा र खेलकुद क्षेत्रलाई उच्च प्राथमिकता दिइएको छ।

### २.१ शिक्षा विकास

२५. गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै विद्यालय शिक्षाको सिकाइ अनुदानलाई निरन्तरता दिइएको छ।

२६. बाल विकास केन्द्रदेखि माध्यमिक तहसम्म शिक्षण सिकाइ सहयोग, शिक्षकको क्षमता विकास, शैक्षिक सामग्री व्यवस्थापन तथा विद्यालय अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

२७. विद्यालयमा विद्यार्थीको नियमित उपस्थिति, सिकाइ वातावरण सुधार, विद्यालय व्यवस्थापन तथा अभिभावक सहभागिता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२८. सूचना प्रविधिमा आधारित शिक्षा, कम्प्युटर शिक्षा, पुस्तकालय, प्रयोगशाला तथा आवश्यक शैक्षिक पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ।

२९. शिक्षाको गुणस्तर सुधारका लागि उत्कृष्ट विद्यालय तथा प्रधानाध्यापक प्रोत्साहन, शैक्षिक सुधार योजना र नियमित मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

३०. गुणस्तरीय र सुविधा सम्पन्न शिक्षण सिकाईका लागि विद्यालयमा फर्निचर तथा अन्य आवश्यक शैक्षिक सामाग्री व्यवस्थापनको लागि रु. १ करोड ७९ लाख रकम विनियोजन गरेकी छु।

## २.२ स्वास्थ्य तथा आयुर्वेद सेवा

३१. स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्दै आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधार गरिनेछ। स्वास्थ्य संस्थाको व्यवस्थापन, औषधी तथा उपकरण व्यवस्थापन, स्वास्थ्य सचेतना कार्यक्रम तथा लक्षित वर्ग केन्द्रित स्वास्थ्य सेवामा जोड दिइनेछ।

३२. शिवालय अस्पताल तथा स्वास्थ्य संस्थालाई प्रभावकारी रुपमा सञ्चालन गरी नागरिकलाई स्थानीय स्तरमै आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयास गरिनेछ।

३३. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न नागरिकका लागि विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

## २.३ खानेपानी तथा सरसफाई

३४. स्वच्छ खानेपानीमा नागरिकको पहुँच विस्तार गर्दै खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा संरक्षणमा जोड दिइनेछ।समुदायको सहभागितामा खानेपानी आयोजनाको दिगोपना कायम गर्ने व्यवस्था मिलाइनेछ।

३५. **"एक घर एक धारा, शिवालय गाउँपालिकाको अभिभारा"** भन्ने मूल मर्मलाई केन्द्रमा राखेर विभिन्न विकास साझेदार निकायसँगको सहकार्य र साझेदारीमा बाँकी रहेका घरधुरीहरुमा खानेपानी पहुँच विस्तार गरिनेछ।

३६. सरसफाई प्रवर्द्धन, स्वच्छ वातावरण निर्माण तथा व्यवहार परिवर्तनका कार्यक्रम सञ्चालन गरिनेछ।

## २.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

३७. महिला सशक्तिकरण, सीप विकास, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ।

३८. बाल अधिकार संरक्षण, लैङ्गिक हिंसा न्यूनीकरण, ज्येष्ठ नागरिक सम्मान तथा सामाजिक संरक्षणका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३९. बालमैत्री स्थानीय तह घोषणा गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ।

४०. दलित, जनजाति, पिछडिएका वर्ग तथा आर्थिक रुपमा कमजोर समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने समावेशी कार्यक्रम सञ्चालन गरिनेछ।

### २.५ युवा तथा खेलकुद

४१. युवाको क्षमता विकास, सकारात्मक सोच निर्माण तथा खेल प्रतिभा प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय खेल पूर्वाधार विकास गर्दै युवालाई सिर्जनात्मक तथा उत्पादनशील गतिविधिमा जोडिनेछ।

### २.६ बहुक्षेत्रीय पोषण

४२. पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि पोषणयुक्त टोल र वडा घोषणा गर्ने, पोषण सुधारका लागि पोषण प्रवर्द्धन कार्यक्रम संचालन, सुनौला हजार दिनका विपन्न महिलाहरुको पोषण सुधारको लागि आयआर्जन अनुदान सहितको कार्यक्रमहरु संचालन गर्नको लागि गाउँपालिकाको साझेदारी सहित केही बजेट विनियोजन गरेकी छु।

**सामाजिक विकास क्षेत्रका लागि रु. २५ करोड ७० लाख ४० हजार विनियोजन गरेकी छु।**

### ३. पूर्वाधार विकास क्षेत्र

**सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, सभाका सदस्यज्यूहरु,**

पूर्वाधार विकास आर्थिक तथा सामाजिक समृद्धिको आधार हो। त्यसैले आगामी आर्थिक वर्षमा सडक, भवन, खानेपानी, सिँचाई, ऊर्जा तथा सार्वजनिक संरचना निर्माणलाई प्राथमिकतामा राखिएको छ।

### ३.१ सडक तथा यातायात पूर्वाधार

४३. गाउँपालिकाको भौगोलिक अवस्थालाई ध्यानमा राख्दै सडक पहुँच विस्तार, सडक स्तरोन्नति तथा वडा केन्द्र जोड्ने यातायात प्रणाली सुधारमा जोड दिइनेछ।

४४. शिवालय, खनेटा, देउली सडक र वडाकाँडा सानीमेला सडकको निर्माण कार्य पुरा गरी यातायात सुचारु गर्न पर्याप्त बजेट विनियोजन गरेकी छु।

४५. मैलतडा लिस्पानी चिनेकम्द सडकको स्तरोन्नती गरी सर्वमौसम संचालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

४६. शिवालय गाउँपालिकामा सडक संजालबाट छुटेका बस्ती तथा टोलहरुलाई सडक संजालमा जोड्नको लागि स्थानीय सडक निर्माण गर्न केही बजेटको व्यवस्था गरेकी छु।

४७. निर्माण भएका सडकको संरक्षण तथा नियमित मर्मत सम्भारलाई समेत प्राथमिकता दिइनेछ।

४८. स्थानीय यातायात सुविधालाई सहज र पहुँच योग्य बनाउन आवश्यक स्थानमा झोलुङ्गेल पुल निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

४९. निर्माणाधिन बसपार्कको निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याउन थप बजेटको व्यवस्था गरेकी छु।

### ३.२ भवन तथा सार्वजनिक पूर्वाधार

५०. गाउँपालिकाको प्रशासकीय भवन निर्माणलाई पूर्णता दिई सेवा प्रवाहलाई व्यवस्थित बनाइनेछ। सार्वजनिक भवन, सामुदायिक संरचना, खेलमैदान तथा आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकताका आधारमा अगाडि बढाइनेछ।

### ३.३ सिँचाई तथा ऊर्जा पूर्वाधार

५१. शिवालय गाउँपालिकाको सिंचित क्षेत्रको संभावना रहेको खेती योग्य जमिनमा सिंचाई सुविधा पुर्याउन कुलो तथा लिफ्ट सिंचाई प्रविधि विस्तार र विकास गरिनेछ।

५२. थोपा सिंचाई र पोखरी सिंचाई निर्माणलाई उच्च प्राथमिकता दिई अभियान संचालन गरिनेछ र Water Recharge का लागि पोखरीहरु निर्माण गरिनेछ।

५३. ऊर्जा पहुँच विस्तार तथा वैकल्पिक ऊर्जाका सम्भावनालाई समेत उपयोग गर्ने नीति लिइनेछ।

**पूर्वाधार विकास क्षेत्रका लागि रु. १३ करोड ६८ लाख ७० हजार विनियोजन गरेकी छु।**

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

**सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, सभा सदस्यज्यूहरु,**

दिगो विकासका लागि वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरण अपरिहार्य विषय हुन्।

५४. वन संरक्षण, वृक्षारोपण, जैविक विविधता संरक्षण तथा वातावरणमैत्री विकासलाई प्राथमिकता दिइनेछ।

५५. जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुकूलन तथा उत्थानशील कार्यक्रम सञ्चालन गरिनेछ।

५६. फोहरमैला व्यवस्थापन, सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

५७. विपद् जोखिम न्यूनीकरणका लागि जोखिम पहिचान, पूर्व तयारी, उद्धार सामग्री व्यवस्थापन, राहत तथा पुनःस्थापना प्रणालीलाई प्रभावकारी बनाइनेछ।



शिवालय गाउँपालिका, जाजरकोट

५८. पहिरो नियन्त्रण, तटबन्धन, जल संरक्षण तथा जोखिमयुक्त पूर्वाधार संरक्षणमा प्राथमिकता दिइनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका लागि रु. ४९ लाख ४० हजार विनियोजन गरेकी छु।**

## ५. सुशासन तथा संस्थागत विकास क्षेत्र

**सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, सभा सदस्यज्यूहरु,**

स्थानीय सरकारको सफलता प्रभावकारी सेवा प्रवाह, पारदर्शिता, जवाफदेहिता र संस्थागत क्षमतामा निर्भर गर्दछ। त्यसैले आगामी आर्थिक वर्षमा प्रविधिमैत्री सेवा, प्रशासनिक सुधार र वित्तीय सुशासनलाई प्राथमिकता दिइएको छ।

### ५.१ सेवा प्रवाह तथा संस्थागत सुधार

५९. नागरिकलाई सरल, छिटो र प्रभावकारी सेवा उपलब्ध गराउन सूचना प्रविधिको प्रयोग विस्तार गरिनेछ।

६०. डिजिटल अभिलेख व्यवस्थापन, विद्युतीय सेवा प्रणाली तथा कार्यालय व्यवस्थापन सुधार गरिनेछ।

६१. जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका लागि तालिम, अध्ययन तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

६२. कर्मचारीहरुको मनोबल उच्च राख्न र सहज जीवन यापनको लागि संघीय सरकारले स्वीकृत गरेको दरबन्दीमा यस शिवालय गाउँपालिकामा कार्यरत अस्थायी तथा करार सेवाका कर्मचारीहरुलाई आगामी आर्थिक वर्षदेखि नेपाल सरकारले निर्धारण गरेको तलब स्केलमा महंगी भत्ता उपलब्ध गराउने र सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।

### ५.२ न्याय सम्पादन

६३. न्यायिक समितिको कार्यसम्पादन प्रभावकारी बनाउन आवश्यक संस्थागत व्यवस्थापन तथा क्षमता विकास गरिनेछ।

६४. स्थानीय तहको अधिकार क्षेत्रभित्रका विवादलाई मेलमिलाप तथा न्यायिक प्रक्रियाबाट समाधान गर्ने व्यवस्था प्रभावकारी बनाइनेछ।

### ५.३ राजस्व सुधार तथा वित्तीय सुशासन

६५. आन्तरिक राजस्व वृद्धि गर्न राजस्व सुधार योजना कार्यान्वयन गरिनेछ।



शिवालय गाउँपालिका, बाजुरा

६६. करदाता शिक्षा, व्यवसाय दर्ता, अभिलेख व्यवस्थापन तथा राजस्व प्रशासन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।

६७. सुशासन तथा संस्थागत विकास क्षेत्रका लागि रु. ९ करोड ५२ लाख ८२ हजार १५५ विनियोजन गरेकी छु।

६८. आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक स्रोत साधनको मितव्ययी र पारदर्शी रुपमा परिचान गरिनेछ। लेखा व्यवस्थापन तथा वित्तीय प्रतिवेदन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

६९. गत विगत वर्षहरुदेखि कायम भएको बेरुजु फछ्र्यौट कार्यलाई अभियानका रुपमा संचालन गरी असुली र फछ्र्यौट कार्य तिव्र पारिनेछ।

७०. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज र पहुँच योग्य बनाउन बैंकको समन्वय र सहकार्यमा शिविर संचालत गरिनेछ।

७१. योजना तर्जुमालाई पारदर्शी र नागरिक केन्द्रित बनाउन, वस्तुगत विवरण तयारी, आयोजना बैंकको तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ।

७२. विकास निर्माणका काममा नागरिक सहभागिता, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा पारदर्शी प्रक्रिया अवलम्बन गरिनेछ।

७३. जनताको सुझाव र प्रतिक्रियालाई सेवा सुधारको आधारका रुपमा लिइनेछ।

## आगामी आर्थिक वर्ष २०८३।०८४ को कुल बजेट विवरण

**सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, सभा सदस्यज्यूहरु,**
अब म यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०८३।०८४ को आय अनुमान तथा व्यय विनियोजनको समग्र विवरण प्रस्तुत गर्न चाहन्छु।

७४. शिवालय गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि कुल रु. ५१ करोड ८ लाख ४७ हजार १ सय ५५ रुपैयाँको वार्षिक बजेट प्रस्तुत गरेको छ। प्रस्तुत कुल बजेट मध्ये चालु तर्फ रु. २७ करोड ५० लाख ९७ हजार १ सय ४८ रुपैया र पूँजीगत तर्फ रु. २३ करोड ५७ लाख ५० हजार ७ रुपैया प्रस्ताव गरिएको छ।
(प्रस्तावित बजेटको विस्तृत विवरण तल उल्लेख गरिएको छ।)

### आ.व. २०८३।०८४ को प्रस्तावित आय

| प्राप्तिको श्रोत | आय बजेट रु. | चालु खर्च | पूँजीगत खर्च |
|---|---|---|---|
| **संघीय सरकारबाट प्राप्त अनुदान** | **३८८७२३०००.००** | **२६६७२३०००.००** | **१२२००००००.००** |
| समानिकरण अनुदान | ७९१०००००.०० | ०.०० | ७९१०००००.०० |
| विशेष अनुदान (चालु) | १७९०००००.०० | ०.०० | १७९०००००.०० |
| सशर्त अनुदान (चालु) | १८००००००0.०० | १८०००००००.०० | ०.०० |
| सशर्त अनुदान (पूँजीगत) | ०.०० | ०.०० | ०.०० |
| समपुरक अनुदान (पूँजीगत) | २५००००००.०० | ०.०० | २५००००००.०० |
| राजश्व बाँडफाँड रकम | ८६७२३०००.०० | ८६७२३०००.०० | ०.०० |
| **कर्णाली प्रदेश सरकार** | **८२४९३१४८.००** | **८३७४१४८.००** | **७४११९०००.००** |
| समानिकरण अनुदान | ९६१९०००.०० | ०.०० | ९६१९०००.०० |
| विशेष अनुदान (पूँजीगत) | ५५०००००.०० | ५५०००००.०० | ०.०० |
| समपुरक अनुदान (पूँजीगत) | २८००००००.०० | ०.०० | २८००००००.०० |
| सशर्त अनुदान (चालु) | १५७००००.०० | १५७००००.०० | ०.०० |
| सशर्त अनुदान (पूँजीगत) | ३६५०००००.०० | ०.०० | ३६५०००००.०० |
| राजश्व बाँडफाँड रकम | १३०४१४८.०० | १३०४१४८.०० | ०.०० |
| **जम्मा** | **३९६३१००७.००** | **०.००** | **३९६३१००७.००** |
| चालु आव ०८२।८३ को अनुमानित अ ल्या | ३०००००००.०० | ०.०० | ३०००००००.०० |
| गाउँपालिकाको आन्तरिक आय | ९६३१००७.०० | | ९६३१००७.०० |
| **कूल बजेट जम्मा** | **५१०८४७१५५.००** | **२७५०९७१४८.००** | **२३५७५०००७.००** |

७५. आगामी आ.व. २०८३।०८४ को लागि प्रस्ताव गरिएको रु. ५१ करोड ८ लाख ४७ हजार १ सय ५५ रुपैयाँको वार्षिक बजेट मध्ये **आर्थिक विकास क्षेत्र** तर्फ रु. १ करोड ६७ लाख १५ हजार (कुल बजेटको करिब ३.२७ प्रतिशत), **सामाजिक विकास क्षेत्र तर्फ** रु. २५ करोड ७० लाख ४० हजार (कुल बजेटको करिब ५०.३२ प्रतिशत), **पूर्वाधार विकास क्षेत्र तर्फ** रु. १३ करोड ६८ लाख ७० हजार (कुल बजेटको करिब २६.८२ प्रतिशत), **वन, वातावरण तथा विपद् व्यवस्थापन** क्षेत्र रु. ४९ लाख ४० हजार (कुल बजेटको करिब ०.९७ प्रतिशत) र **सुशासन तथा संस्थागत विकास क्षेत्र** तर्फ रु. ९ करोड ५२ लाख ८२ हजार १५५ (कुल बजेटको करिब १८.६६ प्रतिशत) विनियोजन गरिएको छ । (विस्तृत विवरण तल उल्लेख गरिएको छ।)

**आ.व. २०८३।०८४ को क्षेत्रगत विनियोजन बजेट**

| सि.नं. | विषयगत क्षेत्र | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १. | आर्थिक विकास | १६७१५०००.०० | १ करोड ६७ लाख १५ हजार |
| २. | सामाजिक विकास | २५७०४००००.०० | २५ करोड ७० लाख ४० हजार |
| ३. | पूर्वाधार विकास | १३६८७००००.०० | १३ करोड ६८ लाख ७० हजार |
| ४. | वातावरण तथा विपद् व्यवस्थापन | ४९४००००.०० | ४९ लाख ४० हजार |
| ५. | सुशासन तथा संस्थागत विकास | ९५२८२१५५.०० | ९ करोड ५२ लाख ८२ हजार १ सय ५५ रुपैया |
| **जम्मा** | | **५१०८४७१५५.००** | **५१ करोड ८ लाख ४७ हजार १ सय ५५ रुपैया** |

**बजेट कार्यान्वयनका लागि विशेष प्रतिबद्धता**

**सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, सभा सदस्यज्यूहरु,**

७६. बजेट केवल आय—व्ययको विवरण होइन, यो जनताको आवश्यकता, अपेक्षा र समृद्धिको यात्रासँग जोडिएको महत्वपूर्ण दस्तावेज हो। प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले देहायका प्रतिबद्धता व्यक्त गर्दछ।

क) स्वीकृत बजेट तथा कार्यक्रमलाई समयमै कार्यान्वयन गर्न प्रभावकारी कार्ययोजना बनाइनेछ।

ख) विकास आयोजनामा गुणस्तर, पारदर्शिता र दिगोपनालाई मुख्य आधार बनाइनेछ।

ग) योजना छनौटदेखि कार्यान्वयनसम्म नागरिक सहभागिता सुनिश्चित गरिनेछ।

घ) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई बजेट खर्चलाई परिणाममुखी बनाइनेछ।

ङ) संघ, प्रदेश, विकास साझेदार संस्था, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्य विस्तार गरिनेछ।

च) वित्तीय अनुशासन, पारदर्शिता र सुशासन कायम गर्दै सार्वजनिक स्रोतको उचित उपयोग गरिनेछ।

शिवालय गाउँपालिका, जाजरकोट

**सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, सभा सदस्यज्यूहरु,**

आज यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गरिएको आगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम शिवालय गाउँपालिकाको वर्तमान आवश्यकता, भविष्यको सम्भावना र समृद्धिको साझा यात्रालाई केन्द्रमा राखेर तयार गरिएको महत्वपूर्ण दस्तावेज हो। यो बजेट सीमित स्रोत र असीमित आवश्यकताबीच सन्तुलन कायम गर्दै नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रमलाई प्राथमिकता दिई तयार गरिएको छ। **"कृषि, पर्यटन र पूर्वाधार, समृद्ध शिवालयको मूल आधार"** भन्ने दिर्घकालीन सोचलाई व्यवहारमा रुपान्तरण गर्दै स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना, पर्यटन प्रवर्द्धन, गुणस्तरीय सेवा प्रवाह र दिगो पूर्वाधार विकासमार्फत समृद्ध शिवालय निर्माण गर्ने हाम्रो साझा लक्ष्य रहेको छ। यस बजेटको सफल कार्यान्वयन जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, विकास साझेदार, नागरिक समाज तथा सम्पूर्ण शिवालयबासी नागरिकको सक्रिय सहभागिता र सहकार्यबाट मात्र सम्भव हुनेछ।

अन्त्यमा, बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा सहयोग, सुझाव र मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। समृद्ध शिवालय निर्माणको यात्रामा सम्पूर्ण शिवालयबासी नागरिकको साथ, सहयोग र सकारात्मक भूमिकाको अपेक्षा गर्दछु।

**धन्यवाद !**

**नमस्कार !**

गीता शाही
गाउँपालिका उपाध्यक्ष
शिवालय गाउँपालिका, जाजरकोट

इति संवत् २०८३ साल असार ०९ गते ३ मंगलबार शुभम्।

शिवालय गाउँपालिका, जाजरकोट